Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**मानवअधिकार स्थिति अद्यावधिक**
मिति : ०७२ भदौ २८
अन्तिम अपडेट : २२०० बजे

## असोज ३ गते देशले नयाँ संविधान पाउने

६ दशकभन्दा अघिदेखि संविधानसभाका माध्यमले सविधान निर्माण गर्ने नेपाली जनताको चाहना पूरा हुने चरणमा आइपुगेको छ । संविधानसभा सचिवालयले तय गरेको कार्यतालिका अनुसार नयाँ संविधान असोज ३ गते साँझ ५ बजे घोषणा हुने भएको छ । संविधान जारी भएको घोषणा राष्ट्रपति डा. रामवरण यादवले गर्नेछन् । राष्ट्रपति यादवलाई संविधान घोषणाको निम्तो दिन सभाध्यक्ष सुवास नेम्वाङ भदौ २९ गते शीतल निवास जाने कार्यतालिकामा उल्लेख छ । यसैबीच नेपालको संविधानको परिमार्जित विधेयक, २०७२ माथि प्राप्त संशोधनलाई संविधानसभाको बैठकमा निर्णयार्थ प्रस्तुत भई पारित भएर विधेयकको अंग बन्ने प्रक्रिया जारी रहेको छ । हिजो र आज गरी आजको मतदान प्रक्रियाबाट ५७ ओटा धाराहरू पारित भइसकेका छन् ।

संविधानसभाले संविधान जारी गर्ने कार्यतालिका समेत प्रकाशन गरिसकेको अवस्थामा पनि तराई मधेस आन्दोलन भने जारी रहेको छ । यद्यपि अघिल्ला दिनहरु भन्दा आन्दोलनमा हिंसात्मक गतिविधि कम भएका छन् भने मुलुकका केही स्थानमा भने शान्ति सुरक्षाको अवस्था सन्तोषजनक नभएका कारण स्थानीय प्रशासनले कर्फ्यू आदेश जारी गर्दै आएको छ ।

### आजका प्रमुख घटनाक्रम

- विगत एक महिनादेखि जारी मधेस आन्दोलन र भदौ २३ गतेदेखि जारी कर्फ्यू जारी भएको महोत्तरी जिल्लामा स्थानीय प्रशासनले धरपकड गरेको आरोप लगाउँदै ३५ जना मधेसी नेता भारतको बिहार राज्य अन्तर्गतको मधुवनी जिल्लाको मधवापुरमा गएर बसेका छन् ।
- द हिमालय टाइम्सका फोटो पत्रकार एवम् बीरगञ्जबाट सञ्चालित विद्युतीय पत्रिका यात्रा डेलीका सञ्चालक राम सर्राफको घरमा भदौ २७ गते राती अज्ञात समहूले पेट्रोल बम प्रहार गरेको छ ।
- वीरगञ्जको माइस्थानबाट २५ जना आन्दोलनकारीलाई भदौ २८ गते पर्सा प्रहरीले बिहान १० बजे गिरफ्तार गरेको छ । स्थानीय प्रशासनले आज बिहान ९ बजेदेखि ११ बजेसम्म कर्फ्यू हटाएको समय पारेर प्रर्दशन गरिरहेका प्रर्दशनकारीलाई प्रहरीले गिरफ्तार गरेको हो ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- नेकपा एमालेकी सभासद् कमलादेवी महतोको घरमा पेट्रोल बम प्रहार गरिएको छ । सर्लाही सदरमुकाम मलंगवा-१० स्थित सभासद् महतोको घरमा भदौ २७ गते आइतबार राती साढे ८ बजे पेट्रोल बम प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ ।
- रौतहटमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चामा आबद्ध रहेका विभिन्न दलका पाँच नेतालाई गौर नगरपालिका क्षेत्रबाट प्रहरीले भदौ २८ गते गिरफ्तार गरेको छ ।

- उदयपुरमा बन्दको अवधि बढ्दै जाँदा बजारमा ग्याँसलगायत दैनिक उपभोग्य वस्तुको अभावले जनजीवन प्रभावित हुन पुगेको छ । ३१ दिनदेखिको लगातारको बन्दमा सवारी साधन सञ्चालन हुन नसकेपछि खाद्यान्न तथा दैनिक उपभोगका वस्तु ग्याँसको आपूर्ति गर्न नसक्दा अभाव देखिएको हो ।
- सदरमुकाम जलेश्वरमा भदौ २३ गते राती ८ बजेदेखि जारी कर्फ्यू आज भदौ २८ गते छैठौँ दिन पनि जारी रह्यो । प्रशासनले बिहान ६ बजेदेखि ९ बजेसम्म ३ घण्टा र साँझ ४ बजे देखि ६ बजे सम्म २ घण्टा गरी ५ घण्टाकोलागि कर्फ्यू खुला गरेको थियो ।
- सङ्घीय लिम्बुवान पार्टीका केन्द्रीय अध्यक्ष कुमार लिङ्देनले भदौ २८ गते तेह्रथुमको बसन्तपुर बजारमा आयोजित आमसभामा सम्बोधन गर्दै आदिवासी जनजातिको जायज मागलाई सम्बोधन नगरी संविधान जारी गरे सशस्त्र सङ्घर्षमा उत्रिने चेतावनी दिएका छन् । सङ्घीय लिम्बुवान पार्टी,सङ्घीय समाजवादी फोरम र किराँत याक्थुम चुम्लुङसहित ६ वटा सङ्घ संस्थाले आमसभा आयोजना गरेको थिए । कार्यक्रममा सबै सङ्घ संस्था र पार्टीहरूले सभालाई सम्बोधन गर्दै आगामी भदौ ३१ गते देखि असोज ३ गतेसम्म चक्काजामको कार्यक्रम रहेको घोषणा गरे ।
- संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले आह्वान गरेको बन्दमा सडक अवरोध खुलाउन गएको प्रहरीमाथि प्रर्दशनकारीहरूले ढुङ्गा प्रहार गर्दा भदौ २८ गते गरुडामा तीन जना प्रहरीहरू घाइते भएका छन् ।
- गौर चन्द्रनिगाहपुर सडक खण्डअर्न्तगत गरुडामा रहेको झाँझ नदीको पुलमा आन्दोलनकारीहरूले राखेको अवरोध हटाउन गएका प्रहरीहरूलाई प्रर्दशनकारीहरूले ढुङ्गा र गुलेली प्रहार गर्दा इलाका प्रहरी कार्यालय, गरुडाका इन्सपेक्टर सन्तुप्रसाद जैसवार, असई हिमाल थापा र असई भक्तबहादुर खड्का घाइते भएका हुन् ।
- भदौ ८ गतेदेखि जारी धनगढी र टीकापुर क्षेत्रको कर्फ्यू तिजमा पनि कायमै गरिने कैलालीका प्रमुख जिल्ला अधिकारी मोहनबहादुर चापागाईंले बताएका छन् । प्रमुख जिल्ला अधिकारी चापागाईंले सुरक्षा सर्तकता अपनाउनुपर्ने बाध्यता भएका कारण हिन्दु

धर्मावलम्बी महिलाहरूको महान पर्वमासमेत कर्फ्यू जारी गर्नुपर्ने बाध्यतामा प्रशासन रहेको बताए ।

- भदौ ७ गते टीकापुरमा भएको हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा प्रहरीले २१ जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा दायर गरेको छ ।
- संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ता ३० वर्षीय धनेश्वर यादवलाई प्रहरीले लहानबाट भदौ २८ गते गिरफ्तार गरेको छ ।
- मधेशी मोर्चाका कार्यकर्ताले ललिया प्रहरी चौकीमा भदौ २८ गते आगजानी गरेका छन् । गत भदौ २७ गते ललिया प्रहरी चौकी खाली गरेको मौका छोपी प्रदर्शनकारीहरूले चौकीमा आगो लगाएको इलाका प्रहरी कार्यालय, धनुषाधामका इन्सपेक्टर सुभास खड्काले बताए ।
- पूर्वसभासद् तथा सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य बवन सिंहले रौतहटका तीन जना पत्रकारलाई पेट्रोल छर्केर मार्नुपर्ने भनी धम्की दिएका छन् । जिल्ला सदरमुकाम गौरमा रहेको कोहिनुर एफएमलाई भदौ २८ गते साँझ अन्तरवार्ता दिने क्रममा सिंहले कान्तिपुर दैनिकका रौतहट समाचारदाता शिव पुरी, नागरिक दैनिकका मदन ठाकुर र एभिन्युज टेलिभिजनका गौतम श्रेष्ठलाई पेट्रोल छर्केर आगो लगाई मार्नुपर्ने बताएका हुन् ।
- हिन्दु राष्ट्रसहितको संविधानलाई संविधानसभाको दुई तिहाई बढी मतले अस्वीकार गरेपछि नयाँ बानेश्वरमा राप्रपा नेपाल, खुमबहादुर खड्का नेतृत्वको हिन्दू जागरण नेपाल र कमल नयानाचार्य समूहले भदौ २८ गते बानेश्वरमा प्रदर्शन गरेको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline